# आन्तरिक राजस्व विभाग

## राजस्व शिर्षक

मिति २०७६।०४।०१ देखि लागू भएका करको प्रकार अनुसारका राजस्व शिर्षकहरु तपसिल बमोजिम रहेका छन् ।

| सि. नं. | आ.व. २०७६.०४.०१ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या |
|---|---|---|---|
| १. | ११११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ । |
| २. | १११११२ | पारिश्रमिक कर | कुनै प्रकृति व्यक्तिले रोजगारबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न श्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ । |
| ३. | १११११३ | पूँजीगत लाभ कर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्ग बाट भएको पूँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ । |
| ४. | १११२० | निकायको आयमा लाग्ने कर | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ । यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन । |
| ५. | १११२१ | निकायको मुनाफामा लाग्ने कर (सरकारी संस्थान) | सरकारको पुर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ६. | १११२२ | निकायको मुनाफामा लाग्ने कर (पब्लिक लिमिटेड कम्पनी) | कुनै विषेश ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ७. | १११२३ | निकायको मुनाफामा लाग्ने कर (प्राइभेट लिमिटेड कम्पनी) | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ८. | १११२४ | निकायको मुनाफामा लाग्ने कर (अन्य संस्था) | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रस्ट, संघ संथा, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ । |
| ९. | १११२५ | पूँजीगत लाभ कर – निकाय | घर, जग्गा शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ । |
| १०. | १११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | माथि उल्लेखित शीर्षक १११११ दखि १११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ । यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन । |

| | | | |
|---|---|---|---|
| ११. | १११३१ | सम्पति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती वहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ । |
| १२. | १११३२ | ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । |
| १३. | १११३३ | लाभांशमा लाग्ने कर | कुनैपनि कम्पनी वा निकायमा लगानी गरे वापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । |
| १४. | १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| १५. | १११३५ | आकस्मिक लाभ कर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । |
| १६. | १११३९ | अन्य आयमा लाग्ने कर | माथि उल्लखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| १७. | ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रुपमा तोकिए बमोजिम लिईले सामाजिक सुरक्षा कर यसमा पर्दछ । |
| १८. | ११४४२ | स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ । |
| १९. | ११४४३ | शिक्षा सेवा कर(शैक्षिक संस्था) | निजी शैक्षिक संस्थाले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । |
| २०. | ११४४४ | शिक्षा सेवा कर(वैदेशिक अध्ययन) | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क वापतको रकम यसमा पर्दछ । |
| २१. | ११४५४ | सडक निर्माण तथा संभार कर | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालायमा सवारी साधनको किसिम अनुसार संकलन गरिने कर यसमा पर्दछन् । |
| २२. | १४२१४ | दूरसंचार सेवा शुल्क | दूरसञ्चार सेवा शुल्क वापतको रकम यसमा पर्दछ । |
| २३. | १४२१५ | टेलिफोन स्वामित्वको शुल्क | टेलिफोन स्वमित्व वापतको रकम यसमा पर्दछ । |
| २४. | ३३३११ | मू.अ. कर (उत्पादन) | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिबृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ । |
| २५. | ३३३१३ | मू.अ. कर (वस्तु बिक्री र वितरण) | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिबृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ । |
| २६. | ३३३१४ | मू.अ. कर (परामर्श तथा ठेक्का) | सबै प्रकारका ठेक्का व्यवसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिबृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । |
| २७. | ३३३१५ | मू.अ. कर (पर्यटन सेवा संकलन) | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागू हुनु अगाडी असुल हुन बाँकी |

| | | | |
|---|---|---|---|
| | | | रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । |
| २८. | ३३३१६ | मू.अ. कर (संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन) | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । |
| २९. | ३३३१७ | मू.अ. कर (बेदर्तावालाबाट गर्ने संकलन) | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । |
| ३०. | ३३३३१ | अन्तःशुल्क (सुर्तिजन्य पदार्थ) | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ३१. | ३३३३२ | अन्तःशुल्क (मदिरा) | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत) के उत्पादनमा लाग्ने लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ३२. | ३३३३३ | अन्तःशुल्क (बियर) | वियर उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ३३. | ३३३३४ | अन्तःशुल्क (अन्य औद्योगिक उत्पादन) | माथि उल्लखित उपशीर्षक ३३३३१, ३३३३२, ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |